नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्धा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७९।०७।२९ गते मुद्दा दायर गरिएको छ।

१. अभियुक्तको विवरणः

- जिल्ला सर्लाही हरिवन नगरपालिका वडा नं. ११, स्थायी वतन भएको खड्ग बहादुर बिश्वकर्माको नाती बिर बहादुर बिश्वकर्माको छोरा **किरण बिश्वकर्मा**
- जिल्ला धनुषा साबिक पुष्पवलपुर गा.बि.स. वडा नं. ६ हाल धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ४ स्थायी वतन भएको हर्षमान घिसिङ्ग तामाङ्गको छोरा **कमल कुमार लामा**

२. कसुरको संक्षिप्त विवरणः

सर्लाही हरिवन नगरपालिका वडा नं. ४ स्थायी बसोबास भएको किरण बिश्वकर्माले चलाई ल्याएको प्रदेश २ -०३-००१ख १९९७ नं. को ढुवानीको साधनमा बिना बिल बिजकको बिभिन्न कपडाहरु लुकाई छिपाई ओसार पसार गरीरहेको अवस्थामा बरामद भएकोले भंसार महसुल तथा मुल्य अभिवृद्धि कर छली गरेको।

३. कायम भएको विगो र सजायको मागदाविः

प्रतिवादीहरु किरण बिश्वकर्मा र कमल कुमार लामाले गरेको उपरोक्त कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ (क),(ख) र (झ) बमोजिमको राजस्व चुहावटको कसूर अपराध गरेको पुष्टी हुन आएकोले प्रदेश २ -०३-००१ख १९९७ नम्बरको ट्रकबाट बरामद भएको कपडाको **बिगो रु.१८,४१,२४८।-** लाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२(पहिलो संसोधन) को दफा २(छ१) बमोजिम बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ (पहिलो संसोधन) को दफा ४छ अनुसार **भन्सार महशुल रु.३,६८,२५०।- मु.अ.कर रु.२,८७,२३५।- समेत गरी जम्मा रु.२४,९६,७३३।- (अक्षरुपी चौबिस लाख छयानब्बे हजार सात सय तेत्तिस)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन) को दफा २३(१) बमोजिमको सजाय हुन तथा सोही ऐनको दफा २३(४) बमोजिम बुझाउनुपर्ने राजस्व रकमको ब्याज समेत असुल उपर हुनको साथै बरामद भएको कपडा तथा उक्त कपडा ओसार पसारमा संलग्न प्रदेश २ -०३-००१ख १९९७ नं. को ढुवानीको साधन समेत सोही ऐनको दफा ३३ बमोजिम जफत हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | किरण बिश्वकर्मा<br>कमल कुमार लामा | २४,९६,७३३।- | २४,९६,७३३।- | ४९,९३,४६६।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**